## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

### नगर कार्यपालिका बैठक, बैठक संख्या ०४/०८३/८४

आज मिति २०८३ साल श्रावण २७ गते, बुधवार, दिउँसो ३:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम बेघाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क्र.सं. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | ध.उ.म.न.पा. | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री राजेन्द्र राई | का.वा. वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३०. | श्री तीर्थराज राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| क्रस. | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | राजेन्द्र न्यौपाने | का.प. अधिकृत | धरान-६ | |
| ३ | | | | |

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा।**

यस उपमहानगरपालिकाको कार्यपालिका बैठकमा २९ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २८... जना सदस्यहरुको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी भयो।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।**

मिति २०८३ श्रावण ८ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकमा विविध सहित जम्मा ४ वटा निर्णयहरु भएका थिए। उक्त निर्णयहरु मध्ये केही कार्यान्वयन भइसकेका र केही कार्यान्वयनको चरणमा रहेको विषय बैठकमा जानकारी भयो।

३. **आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।**

अघिल्लो कार्यपालिका बैठकमा पेश भएको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमलाई स्वीकृत गरी अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

४. **आ.व. २०८३/८४ को आर्थिक विधेयक सम्बन्धमा।**

यस आ.व. २०८३/८४ का लागि यस उपमहानगरपालिका क्षेत्रमा लागु हुने कर तथा गैर करको दर र राजश्व नीति सँग सम्बन्धित प्रस्तावित नीतिगत सुधारका विषयमा राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट प्राप्त सिफारिसका आधारमा तयार गरी आजको बैंठकमा पेश गरेको आर्थिक विधेयक, २०८३ स्वीकृत गर्ने र आगामी नगरसभाको बैठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

५. **आ.व. २०८३/८४ को विनियोजन विधेयक सम्बन्धमा।**

यस आर्थिक वर्ष २०८३/८४ का लागि बजेट तर्जुमा समितिको बैठकबाट सिफारिस भई आजको बैठकमा पेश भएको विनियोजन विधेयक, २०८३ स्वीकृत गर्ने र आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

६. **न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।**

यस उपमहानगरपालिकाको न्यायिक समितिद्वारा आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका कार्यहरु समेटी तयार गरिएको वार्षिक प्रगति प्रतिवेदन आजको बैठकमा पेश भई छलफल गरियो। छलफल पश्चात् उक्त न्यायिक समितिको कार्य प्रगति प्रतिवेदन सर्वसम्मत स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

७. **सार्वजनिक लेखा समितिको प्रतिवेदन सम्बन्धमा।**

यस उपमहानगरपालिकाको सार्वजनिक लेखा समितिले आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गरेका कार्यहरु समेटी तयार गरिएको कार्य प्रगति प्रतिवेदन आजको बैठकमा पेश भई छलफल गरियो। छलफल पश्चात् उक्त सार्वजनिक लेखा समितिको कार्य प्रतिवेदन सर्वसम्मत स्वीकृत गर्ने र आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

८. **विविध**

क. **तह वृद्धि/बढुवा सम्बन्धमा।**

यस उपमहानगरपालिको तह वृद्धि सिफारिस समितिको मिति २०८३/०४/१९ गतेको बैठकबाट सिफारिस भएका तपसिलका कर्मचारीहरुलाई तह वृद्धि तथा बढुवा गर्ने निर्णय गरियो।

**तपसिल**

| क.सं. | नाम , क.स.नं. | हालको पद, तह | तह वृद्धि हुने पद, तह | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अम्बिका पोखरेल, २१५७६९ | सि.अ.न.मि., पाचौं | सि.अ.न.मि. निरीक्षक, छैटौं | तह वृद्धि |
| २ | श्री जलपा खड्का, २४२१२४ | स. कम्प्युटर अपरेटर, चौथो | कम्प्युटर अपरेटर, पाचौं | बढुवा (१ पटकमात्र) |

ख. **सप्तरंगी पार्कका सुकेका रुखहरु सम्बन्धमा।**

यस उपमहानगरपालिकाको नाममा दर्ता रहेको धरान-१७ स्थित सप्तरंगी पार्कमा सुकेका विभिन्न जातका रुखहरुको सम्बन्धमा मिति २०८३/०४/०४ गतेको कार्यपालिका बैठकबाट गठित समितिले दिएको प्रतिवेदन अनुसार धरान-२०, विष्णुपादुका स्थीत रहेको सब-डिभिजन वन कार्यालयसँग समन्वय गरी लिलाम गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो।

यस उपमहानगरपालिकाले वडा नं. ८ मा निर्माण गरेको नयाँ बसपार्क श्री ब्रदर्श ट्रेडर्स, इटहरीलाई ठेक्कामा दिएको र निज ठेकेदारको तर्फबाट मिति २०८३/०४/१९ मा दिनु भएको निवेदन अनुसार उक्त बसपार्कमा आउने सवारी साधनलाई लाग्ने बसपार्क व्यवस्थापन तथा सरसफाई सेवा शुल्क वापतको रकम पटके रुपमा लाग्ने व्यवस्था गरिएकोमा सो अनुसार शुल्क संकलन गर्दा वादविवाद भई समस्या सृजना हुन सक्ने देखिएकोले दैनिक दर निर्धारण गरी पाउँ भनि निवेदन दिनु भएको हुँदा सो सम्बन्धमा तपसिल बमोजिमको पटके दर र दैनिक दर निर्धारण गर्ने निर्णय गरियो ।

| सि.नं. | सवारी साधनको विवरण | पटके दर रु. | दैनिक एकमुष्ठ दर रु. |
|---|---|---|---|
| १ | मोटर साईकल | १०।०० | २०।०० |
| २ | मारुती भेन तथा कार/टेम्पो तथा अटोरिक्सा | ३५।०० | ५०।०० |
| ३ | सुमो, बुलेरो, मारुती जस्ता (ज) वर्गका सवारी साधन | ५०।०० | ७०।०० |
| ४ | यात्रुवाहक बस तथा माईक्रो बस (ख) वर्गका सबै सवारी साधन | ५०।०० | १००।०० |
| ५ | लामो दुरी (२५० किलोमिटर भन्दा बढी) बस | ७५।०० | १५०।०० |

घ. टेम्पो तथा इरिक्साको वार्षिक पार्किङ शुल्क सम्बन्धमा।

यस उपमहानगरपालिकामा टेम्पो तथा इरिक्साको संख्या धेरै भएको र नयाँ बसपार्कमा सबैलाई स्टेण्ड उपलब्ध गराउन नसकिने भएकोले धरान उपमहानगरपालिकामा दर्ता भएका र संस्था वा प्रा.लि.मा आवद्ध भएका टेम्पो तथा इरिक्सालाई नयाँ बसपार्कमा स्टेण्ड उपलब्ध गराएको हुँदा सो सवारी साधनहरुको मात्र वार्षिक पार्किङ शुल्क लिइदै आएकोमा संस्था वा प्रा.लि. मा आवद्ध नभएका टेम्पो तथा इरिक्साहरुले वार्षिक पार्किङ शुल्क बुझाउने सुविधा माग गरिरहनु भएकोले नयाँ बसपार्कमा स्टेण्ड सुविधा प्रदान नगर्ने गरी भानुचोक बसपार्कमा उपमहानगरपालिकाले तोकेको मापदण्ड अनुसार मात्र सञ्चालन गर्ने गरी अन्य रुटमा साविक बमोजिम सञ्चालन गर्ने गर्न पाउने गरी देहाय बमोजिमको मापदण्ड पुगेका इरिक्सा तथा टेम्पोको वार्षिक शुल्क बुझी वार्षिक गर्ने निर्णय गरियो।

तपसिल

क. सवारी दर्ता प्रमाण पत्रमा सवारी धनीको ठेगाना धरान उपमहानगरपालिका भएको।

ख. सवारी धनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने।

ग. बिल बुकमा धरान ठेगाना उल्लेख नभएको तर घरजग्गा धरानमा भएको वा मतदाता नामावलीमा धरान नाम भएको।

ङ. घरनक्सा पास दस्तुर छुट सम्बन्धमा।

यस उपमहानगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०८३/०२/०१ मा बसेको बैठकको निर्णयबाट सिफारिस भई आएको निवेदन श्री पुण्य प्रसाद प्याकुरेल, धरान-१५ को तर्फबाट श्री शुशिला भट्टराईले दिनु भएको निवेदन अनुसार पुण्यप्रसाद प्याकुरेल पूर्ण अशक्त (क वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेको) रहेको र निजले दाताहरुको सहयोगमा घर निर्माण गर्न नक्सापास दस्तुर छुट पाउन वडा कार्यालयको सिफारिस साथ माग गर्नु भएको हुँदा अपाङ्गताको अवस्थालाई ध्यानमा राख्दै निजको घरनक्सा पास दस्तुर छुट दिने निर्णय गरियो।

च. दरबन्दी मिलान सम्बन्धमा।

यस नगर क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान गर्ने सम्बन्धमा नगर शिक्षा समितिको मिति २०८३ जेठ २२ गतेको बैठकबाट सिफारिस भए बमोजिम दरबन्दी मिलान स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत दरबन्दी मिलान प्रमाणित गरी पछाडी पानामा टाँस गरिएको छ।

छ. भूमी प्रशासन सेवा सञ्चालन सम्बन्धमा।

यस उपमहानगरपालिकाबाट भूमी प्रशासन सेवा सञ्चालन गर्ने सम्बन्धमा तयारी अन्तिम चरणमा पुगेको तर कार्यालय सञ्चालन गर्ने भवन व्यवस्थापन नभएको साथै विगतमा मालपोत कार्यालय भवन निर्माण गर्न जग्गा दिने जग्गादाताहरुले जुन कामका लागि जग्गा दिइएको सोहि काममा प्रयोग गरियोस् भन्ने माग समेत रहेकाले भूमी प्रशासनको सेवा सञ्चालन गर्न हाल मालपोत कार्यालय सञ्चालन भएकै भवन उपलब्ध गराउन सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

ज) भाडा दर तथा पार्किङ्ग शुल्क सम्बन्धमा ।

१. टेम्पो तथा इरिक्साको भाडा दरमा देहाय बमोजिम पुनरावलोकन गर्ने ।

| टेम्पोको भाडा : आउने वा जाने एकतर्फी भाडा दर | | | | | प्रस्तावित | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | देखि | सम्म | गोटागन्तीमा | रिजर्वमा | गोटा गन्ति | रिजर्व |
| १ | स्मार्ट बसपार्क | फुस्रे | ६०/- | १८०/- | ७० | २०० |
| २ | स्मार्ट बसपार्क | रेल्वे | ५०/- | १५०/- | ६० | १८० |
| ३ | स्मार्ट बसपार्क | मालपोत | थिएन | थिएन | ७० | २०० |
| ४ | स्मार्ट बसपार्क | स्कुल डाँडा | थिएन | थिएन | ७० | २०० |
| ५ | स्मार्ट बसपार्क | सयपत्री चोक/ सरस्वती चोक | थिएन | थिएन | ७० | २०० |
| ६ | स्मार्ट बसपार्क | सिमल चौर/लिम्बु चौरी (माथिल्लो) | थिएन | थिएन | ८० | २४० |
| ७ | स्मार्ट बसपार्क | खैरेनी | थिएन | थिएन | ५० | १५० |
| ८ | स्मार्ट बसपार्क | विजयपुर चोक / दन्तकाली मन्दिर | ६०/- | १८०/- | ७० | २०० |
| ९ | स्मार्ट बसपार्क | पिण्डेश्वर मन्दिर / बुढासुब्वा मन्दिर | ७०/- | २००/- | ७५ | २२० |
| १० | स्मार्ट बसपार्क | पटनाली | थिएन | थिएन | ९० | २७० |
| ११ | स्मार्ट बसपार्क | श्रम संस्कृती पार्क | थिएन | थिएन | ७५ | २२५ |

२. भानुचोक क्षेत्रमा पार्किङ शुल्क सम्बन्धमा :

भानुचोकमा रहेको पार्किङ स्थलबाट नीजि (रातो नम्बर प्लेट भएका) सवारी साधनले भाडामा यात्रु बोक्ने गरेको र सो स्थानलाई स्टेण्ड कायम गरी राखेको साथै बाहिरबाट धरान घुमाफिरका लागि आउने सवारी साधनले उक्त स्थानमा पार्किङ गर्न असुविधा भएको भनि गुनासो आएको सन्दर्भमा यस उपमहनगरपालिकाको राजस्व परामर्श समितिका सदस्य श्री विकास भाटीज्यूको संयोजकत्वमा गठित समितिले मिति २०८३/०१/१५ मा पेश गरेको प्रतिवेदनमा पेश गरिएंको सुझाव समेतको आधारमा उक्त स्थानमा धरान घुम्न तथा सपिङ्गको लागि आउने व्यक्तिहरुको सुविधाको लागि पहिलो एक घण्टा शुल्क नलिने र अन्यको हकमा तपसिल बमोजिम सयमको आधारमा शुल्क लागु गर्ने निर्णय गरियो।

| क्र.सं. | निजी सवारीको किसिम | कैफियत |
|---|---|---|
| १ | मिनि बस | प्रतिघण्टा रु. १००/- अधिकतम् दैनिक रु. २५०/- |
| २ | बस | प्रतिघण्टा रु. १००/- अधिकतम् दैनिक रु. २५०/- |
| ३ | माइक्रो बस | प्रतिघण्टा रु. १००/- अधिकतम् दैनिक रु. २५०/- |
| ४ | बुलेरो, सुमो, स्करपियो आदि हलुका सवारी साधन | प्रतिघण्टा रु. ५०/- अधिकतम् दैनिक रु. २५०/- |

# धरान उपमहानगरपालिकाको सामुदायिक विद्यालयहरुको दरबन्दी मिलान तालिका २०८३

| क्र.सं. | वडा नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | ECD | | 1-5 | | | | | 6-8 | | | | | 9-10 | | | | | 11-12 | | विद्यालयको खुद पुल दरबन्दी | | | हाल कट्टा गर्ने दरबन्दी | | | हाल थप गर्ने दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थी संख्या २०८२ | मौजुदा दरबन्दी | विद्यार्थी संख्या २०८२ | मौजुदा दरबन्दी | आवश्यक दरबन्दी | पुल | थप | विद्यार्थी संख्या २०८२ | मौजुदा दरबन्दी | आवश्यक दरबन्दी | पुल | थप | विद्यार्थी संख्या २०८२ | मौजुदा दरबन्दी | आवश्यक दरबन्दी | पुल | थप | विद्यार्थी संख्या २०८२ | मौजुदा दरबन्दी | प्रा | नि | मा | प्रा | नि | मा | प्रा | नि | मा | |
| 1 | 4 | Aadharbhut Bidyalaya Hardiya, Dharan-4,Sunsari(Nepal) | 1-7 | 7 | 1 | 16 | 3 | 2 | 1 | | 12 | 1 | 3 | | 1 | 0 | | | | | 0 | | | | | | | | | | | |
| 2 | 13 | Amar pra v | 1-5 | 21 | 1 | 31 | 3 | 3 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 3 | 11 | Ananta Sikshya Jyoti Pra V | 1-5 | 10 | 2 | 58 | 3 | 5 | | 2 | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | 1 | | | |
| 4 | 15 | Badrinath Aadharbhut Vidyalaya | 1-8 | 10 | 1 | 76 | 6 | 5 | 1 | | 60 | 2 | 4 | | 1 | 0 | | | | | 0 | | | | | | | | | सा१ | | |
| 5 | 20 | Balmiki Pra V | 1-5 | 0 | 0 | 3 | 2 | 2 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | 1 | | | | | | दिपेन्द्रमा पदस्थापन |
| 6 | 16 | Bhagawati Aadharbhut Bidhyalaya,,Dharan-16 | 1-8 | 22 | 1 | 68 | 5 | 5 | | | 48 | 4 | 4 | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 7 | 20 | Bhagawati Pra V | 1-5 | 9 | 1 | 20 | 2 | 2 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 8 | 20 | Bhaldhunga Madhyamik Vidyalaya | 1-12 | 5 | 1 | 28 | 5 | 3 | 2 | | 75 | 6 | 4 | 2 | | 83 | 4 | 4 | | | 35 | 2 | 2 | 2 | | 1, | | | | | | |
| 9 | 3 | Bhanu Memorial Secondary School, Dharan-3 | 1-10 | 46 | 1 | 176 | 10 | 5 | 5 | | 125 | 5 | 4 | 1 | | 54 | 2 | 4 | | | 0 | | 2 | | | | | | | | | १ दृष्टिविहिन र १ बालविकासमा आवश्यक |
| 10 | 20 | Chandika Bhawani Pra V | 1-5 | 12 | 1 | 17 | 2 | 2 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 11 | 16 | Chandra Sanskrit Madhyamik Bidyalaya, Dharan-16 | 1-12 | 9 | 1 | 31 | 4 | 3 | 1 | | 32 | 4 | 4 | | | 31 | 8 | 4 | 4 | | 36 | 2 | 1 | | 1 | | | | | | | |
| 12 | 17 | Dipendra Smriti Pra V | 1-7 | 67 | 2 | 98 | 2 | 5 | | 3 | 31 | 1 | 4 | | 3 | 0 | | | | | 0 | | | | | | | | 1 | ग१, सा१ | | बाल्मिकीको पदस्थापन |
| 13 | 11 | Gyanodaya Secondary School | 1-12 | 17 | 1 | 127 | 8 | 5 | 3 | | 176 | 8 | 4 | 4 | | 174 | 5 | 4 | 1 | | 67 | 2 | 3 | 4 | 1 | 1 | वि/ग१, सा१ | | | | | सा१ सम्यक आविमा पदस्थापना |
| 14 | 5 | Himali Secondary School, Dharan-5 | 1-10 | 90 | 1 | 230 | 8 | 6 | 2 | | 219 | 2 | 5 | | 1 | 136 | 2 | 3 | | 1 | 0 | | | | | | | | | अँ१ | अँ१ | |
| 15 | 20 | Jana Jyoti Pra V | 1-5 | 5 | 1 | 15 | 1 | 2 | | 1 | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 16 | 5 | Janata Pra V Dharan-5, Thingabari, Sunsari | 1-5 | 13 | 1 | 20 | 3 | 2 | 1 | | 0 | | | | | 0 | | | | | 0 | | 1 | | | | | | | | | |
| 17 | 4 | Kalika Aadharbhut Vidhayala | 1-5 | 17 | 1 | 26 | 3 | 3 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 18 | 4 | Kanya Aadharbhut Vidhyalaya | 1-5 | 4 | 1 | 14 | 3 | 2 | 1 | | 0 | | | | | 0 | | | | | 0 | | 1 | | | | | | | | | |
| 19 | 19 | Kiranteshwor Secondary School | 1-12 | 26 | 1 | 62 | 9 | 5 | 4 | | 72 | 3 | 4 | | | 50 | 3 | 4 | | | 49 | | | | | | | | | वि१ | | |
| 20 | 8 | Laboratory Secondary School., Dharan-8 | 1-12 | 25 | 1 | 93 | 7 | 5 | 2 | | 78 | 7 | 4 | 3 | | 59 | 6 | 4 | 2 | | 37 | 2 | 2 | 3 | 2 | 1 | वि१, ने१ | | | | | |
| 21 | 20 | Madan Ashrit Pra V | 1-5 | 10 | 1 | 18 | 2 | 2 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 22 | 5 | Nishan Devi Pra V | 1-5 | 5 | 1 | 23 | 2 | 2 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | | | |
| 23 | 4 | Pancha Kanya Adharbhut Vidyalaya | 1-5 | 15 | 1 | 14 | 3 | 2 | 1 | | 0 | | | | | 0 | | | | | 0 | | 1 | | | | | | | | | |
| 24 | 17 | Panchakanya Secondary School, Dharan-17 | 1-12 | 33 | 1 | 121 | 10 | 5 | 5 | | 160 | 4 | 4 | | | 146 | 3 | 4 | | | 90 | 0 | 2 | | | 1 | | | | सा१ | | |
| 25 | 16 | Panchayat Aadharbhut Bidyalaya, Dharan-16 | 1-5 | 12 | 2 | 22 | 5 | 2 | 3 | | 0 | | | | | 0 | | | | | 0 | - | 3 | | | 1 | | | | | | |

| क्र.सं. | वडा नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | ECD | | 1-5 | | | | | 6-8 | | | | | 9-10 | | | | | 11-12 | | विद्यालयका खुद पुल दरवन्दी | | | हाल कट्टा गर्ने दरवन्दी | | | हाल थप | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थी संख्या २०८२ | मौजुदा दरवन्दी | विद्यार्थी संख्या २०८२ | मौजुदा दरवन्दी | आवश्यक दरवन्दी | पुल | थप | विद्यार्थी संख्या २०८२ | मौजुदा दरवन्दी | आवश्यक दरवन्दी | पुल | थप | विद्यार्थी संख्या २०८२ | मौजुदा दरवन्दी | आवश्यक दरवन्दी | पुल | थप | विद्यार्थी संख्या २०८२ | मौजुदा दरवन्दी | प्रा | नि | मा | प्रा | नि | मा | प्रा | नि |
| 26 | 14 | Panchayat Dantakali Madhyamik Bidhyalaya Dharan-14 | 1-10 | 9 | 1 | 42 | 8 | 4 | 4 | | 63 | 3 | 4 | | | 42 | 3 | 4 | | | 0 | | 2 | | | 1 | | | | |
| 27 | 10 | Panchayat Madhyamik Bidyalaya, Dharan-10 | 1-12 | 10 | 1 | 44 | 6 | 4 | 2 | | 52 | 4 | 4 | | | 32 | 4 | 4 | | | 3 | 2 | 2 | | | | सा१ | | | |
| 28 | 12 | Public High School | 1-12 | 175 | 1 | 517 | 8 | 13 | | 5 | 693 | 8 | 16 | | 8 | 448 | 9 | 10 | | 1 | 1429 | 4 | | | | | | | 2 | अँ१ |
| 29 | 13 | Public Madhyamik Vidyalaya, Dharan-13 | 1-12 | 9 | 1 | 57 | 6 | 5 | 1 | | 80 | 5 | 4 | 2 | | 70 | 7 | 4 | 2 | | 29 | 2 | 1 | 2 | 2 | | ग१ | अँ१ | | |
| 30 | 6 | Rana Devi Aadharbhut Vidhayala | 1-5 | 26 | 1 | 55 | 3 | 5 | . | 2 | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | 1 | |
| 31 | 8 | Sahid Smriti Secondary School, Dharan-8 | 1-12 | 25 | 1 | 109 | 7 | 5 | 2 | | 75 | 7 | 4 | 3 | | 61 | 4 | 4 | | | 44 | 0 | 2 | 3 | | 1 | अँ१,सा१ | | | |
| 32 | 17 | Samyak Sikshya Adharbhut Vidyalaya | 1-8 | 25 | 1 | 39 | 3 | 4 | | 1 | 32 | 1 | 4 | | 3 | 0 | | | | | 0 | | | | | | | | 1 | वि/ग सा१ |
| 33 | 1 | Saraswati Aadharbhut Bidhyalaya Dharan-1 | 1-5 | 17 | 1 | 37 | 4 | 4 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | |
| 34 | 15 | Shree Janata Bhagawati Nanda Basic School | 1-5 | 47 | २ | 77 | 3 | 5 | | 2 | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | 1 | |
| 35 | 17 | Shree Jwalamukhi Madhyamik Vidyalaya, Dharan-17 | 1-12 | 38 | 2 | 79 | 6 | 5 | 1 | | 141 | 4 | 4 | | | 85 | 2 | 4 | | | 28 | | | | | | | | | |
| 36 | 17 | Shree Madhyamik Vidhyalaya, Ghopa | 1-10 | 9 | 1 | 53 | 6 | 4 | 2 | | 72 | 2 | 4 | | 2 | 59 | 1 | 4 | | 3 | 0 | | | | | | | | | अँ१ |
| 37 | 16 | Shree Sarada Balika Namuna Madhyamik Bidyalaya | 1-12 | 12 | 1 | 77 | 5 | 5 | | | 107 | 7 | 4 | 3 | | 118 | 7 | 4 | 3 | | 37 | 2 | | 3 | 3 | | अँ१ | अँ१ | | |
| 38 | 6 | Shree Saraswati Madhyamik Bidyalaya Panbari, | 1-12 | 29 | 1 | 168 | 10 | 5 | 5 | | 234 | 5 | 5 | | | 152 | 4 | 4 | | | 147 | 2 | 5 | | | | | | | |
| 39 | 15 | SHREE SHIKSHA SADAN MA. VI., DHARAN-15 | 1-12 | 36 | 1 | 225 | 10 | 6 | 4 | | 396 | 9 | 7 | 2 | | 326 | 11 | 9 | 2 | | 246 | 2 | 4 | 2 | 2 | 1 | | | | |
| 40 | 2 | Shree Shikshaniketan Secondary School | 1-12 | 15 | 1 | 129 | 6 | 5 | 1 | | 142 | 9 | 4 | 5 | | 138 | 8 | 4 | 4 | | 258 | 3 | 1 | 5 | 4 | | सा१, अँ१ | वि१ | | |
| 41 | 4 | Sikshya Jyoti Aadharbhut Bidhyalaya Dharan-4 | 1-5 | 22 | 1 | 54 | 3 | 4 | | 1 | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | 1 | |
| 42 | 4 | Singhadevi Basic School | 1-5 | | 1 | 25 | 3 | 3 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | |
| 43 | 20 | Sulikot Basic school | 1-5 | 1 | 1 | 8 | 2 | 2 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | |
| 44 | 20 | Suryodaya Pra Vi | 1-5 | 0 | 0 | 19 | 2 | 2 | | | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | |
| 45 | 20 | Udaya Basic School | 1-5 | 2 | 1 | 9 | 1 | 2 | | 1 | 0 | | | | | 0 | | | | | 0 | | | | | | | | | |
| 46 | 20 | Jjanajagaran Basic School | 1-2 | 21 | 1 | 5 | 0 | 1 | | 1 | | | | | | | | | | | | | | | | | | | 1 | |
| | | | | 1018 | 49 | 3235 | 213 | 178 | 54 | | 3175 | 111 | 112 | 25 | | 2264 | 33 | 86 | 18 | - | 2535 | 25 | 35 | 24 | 15 | 9 | 11 | 3 | 9 | |

२. धरान उपमहानगरपालिकाको मिति २०७७/११/२५ को निर्णयानुसार प्रा शि तृ श्री कविता भट्टराईलाई श्री पद्मकन्या आ वि धरान ४ बाट र प्रा शि तृ श्री मञ्जु लिङ्लेहुलाई श्री चण्डिका भवानी आवि धरान २० बाट श्री पब्लिक मावि धरान १३ मा समान तह र श्रेणीमा कामकाज गर्न खटाइएकोमा दुवै लाई खटाइएको विद्यालय श्री पब्लिक मावि धरान १३ मा पदस्थापन गर्ने ।

संघीय शिक्षा नियमावली २०५९ बमोजिम हिमाल, पहाड र तराईमा शिक्षक विद्यार्थी अनुपात क्रमशः ४०,४५ र ५० तोकिएको नियमको अधिनमा रही २०८२ सालको शैक्षिक सत्रको IEMIS मा भएको विद्यार्थी विवरणको अध्ययन गरी तथा विभिन्न विद्यालयहरुको स्थलगत निरीक्षण समेत गरी स्थलगत निरीक्षणबाट प्राप्त विद्यार्थी संख्याको अनुसार समानताको सिद्धान्तको आधारमा दरबन्दी मिलान कार्यलाई अगाडि बढाइने छ । साथै धरान उपमहानगरपालिकामा तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट प्राप्त स्वीकृत तथा राहत दरबन्दीमा २०७६ सालमा संघीय सरकारको दरबन्दी मिलानमा प्राथमिक तहको ४ वटा दरबन्दी खुद पुलमा परेकोले उक्त ४ वटा दरबन्दी सोही समयमा फिर्ता पठाई बाँकी रहेको प्राथमिक -२१३, निम्न माध्यमिक-१११ र माध्यमिक- ९३ (स्वीकृत दरबन्दी र राहत कोटा मात्र) गरी जम्मा ४१७ दरबन्दी व्यवस्थित गर्न तपसिल बमोजिम गर्ने ।

**क.दरबन्दी मिलानका आधारहरुः**

क. विद्यार्थी संख्या
ख. भौगोलिक बनावट
ग. विषयगत शिक्षण आवश्यकता

**ख. विद्यार्थी संख्याका आधारमा न्यूनत्तम दरबन्दी कायम गर्ने आधारः**

**१. प्राथमिक तह (१-५)**
प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:४० गर्ने र न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुमा तपसिल अनुसार दरबन्दी वितरण गर्नेः

२० जनासम्म विद्यार्थी= २ जना शिक्षक

३० जनासम्म विद्यार्थी= ३ जना शिक्षक

५० जनासम्म विद्यार्थी= ४ जना शिक्षक

८० जनासम्म विद्यार्थी भए बढीमा ५ जना शिक्षक दिन सकिने र सोभन्दा माथि विद्यार्थी संख्या भएमा सम्भव भएसम्म शिक्षक विद्यार्थी अनुपात १:४०अनुसार शिक्षक थप्ने।

**२. निमा तह (१-८ मात्र सञ्चालित विद्यालय)**
कक्षा १-८ सञ्चालित विद्यालयमा निमा तहमा ३० जनासम्म विद्यार्थी भए सम्भव भएसम्म कम्तिमा ४ जना शिक्षक विषयगत रुपमा दिन सकिने र सो भन्दा माथि विद्यार्थी भए शिक्षक विद्यार्थी अनुपात १:४५ हुने गरी शिक्षक थप्ने। तर प्राथमिक तहको शिक्षक बढी भएको विद्यालयमा निमा तहमा गणना गर्ने ।

**३. नि.मा/माध्यमिक तह (१-१० सञ्चालित विद्यालय)**
निम्न माध्यमिक र माध्यमिक तहमा तपसिल बमोजिम गर्नेः

- कक्षा ६-१० को लागि विषयगत रुपमा कम्तिमा ८ जना शिक्षक दिन सकिने।
- निमा र मावि तहको हकमा एउटा कक्षामा १ भन्दा बढी सेक्सन नभएको तर विषयगत दरबन्दी १ भन्दा ब भएमा बढी भएको दरबन्दी कट्टा गर्न सकिने ।
- सम्बन्धित विषयमा निमा तहमा माथिल्लो योग्यता भएका शिक्षक भएमा साथै कक्षा ६-१० मा १ भन्दा बढी सेक्सन नभएमा माविको दरबन्दी कट्टा गर्न सकिने ।
- प्राविधिक धार सञ्चालित विद्यालयमा गणित/विज्ञानको शिक्षक हुने भएकोले साधारण तर्फ १ भन्दा बढी सेक्स नभएको खण्डमा साधारण धारतर्फका गणित/विज्ञान विषयको शिक्षक कट्टा गर्न सकिने ।

४. माथि तोकिएको नर्म्सभन्दा विद्यार्थी संख्या ५ जनासम्म बढी भए शुन्यान्तर गर्ने ।

५. प्राथमिक तहमा माथि तोकिएको न्यूनत्तम विद्यार्थी संख्या र अनुपातभन्दा बढी विद्यार्थी भएमा माथिल्लो तहमा गणना गर्ने ।यसरी गणना गर्दा पनि बढी भएको शिक्षक दरबन्दी विद्यालयको खुद पुल दरबन्दी मानि थप गर्नुपर्ने विद्यालयमा आवश्यकता हेरी विषय मिल्ने गरी मिलान गर्न सकिने ।

६. अर्को शैक्षिक सत्रमा विद्यार्थी संख्या बढेमा त्यही विद्यालयमा दरबन्दी मिलान हुनेगरी खुद पुलमा रहेको दरबन्दी कम्तिमा १ वटा दरबन्दी विद्यालयको खुद पुलमा रहनेगरी मात्र पुल दरबन्दी कट्टा गरी अन्य विद्यालयमा लान सकिने र विद्यार्थी संख्या बढ्न नसकेमा अर्को बर्ष कट्टा गर्दै लान सकिने ।

धरान उपमहानगरपालिकाको सामुदायिक विद्यालयहरुको (विषेश बाहेक) को २०८२ को विद्यार्थी संख्या, मौजुदा दरबन्दी, माथिको शिक्षक वितरणको आधार अनुसार आवश्यक दरबन्दी, सो अनुसार बढी भएको दरबन्दी (पुल) र हाल कट्टा गर्न सकिने दरबन्दी सहितको विवरण तयार गरिएको छ ।

**शिक्षक व्यवस्थापन सम्बन्धमा ।**

- कट्टा हुने दरबन्दीहरु नगरपालिकाको पुल दरबन्दी मानी कट्टा भएका विद्यालयहरुबाट पालिकाले दरबन्दी कट्टा गर्ने र थप गर्नु पर्ने सूचीमा परेका विद्यालय, तह र विषयको दरबन्दी संख्या सहितको सूची सहित सात दिनको सूचना प्रकाशित गरी दरबन्दी कट्टा हुने विद्यालयबाट थप हुने विद्यालयमा जान चाहने शिक्षकहरुबाट सरुवा भई जाने विद्यालयको प्राथमिकता क्रमको सूची सहितको निवेदन माग गर्ने ।
- दरबन्दी थप गर्नु पर्ने विद्यालयको प्राथमिकताक्रमको सूची सहित निवेदन आएमा तह र विषय मिल्नेगरी न्यायो रुपमा अपाङ्गता भएका, गर्भवती र २ बर्षसम्मको शिशुको आमालाई प्राथमिकता दिई नियुक्ति मितिले जेष्ठताको आधारमा सरुवा पदस्थापन गर्ने र निवेदन नआएको खण्डमा शिक्षा महाशाखाले दरबन्दी कट्टा हुने विद्यालयहर तह र विषयगत रुपमा शिक्षकहरुको जेष्ठताको सूची तयार गरी कनिष्ठबाट सरुवा पदस्थापन गर्ने ।
- शिक्षक व्यवस्थापन गर्दा अपाङ्गता भएका, गर्भवती र २ बर्षसम्मको शिशुको आमालाई निजको इच्छा विपरित अन्यत्र सरुवा नगर्ने ।
- दरबन्दी कट्टा गर्दा दरबन्दी रिक्त भएमा रिक्तबाट र रिक्त नभएमा क्रमशः करार, राहत तथा स्थायीबाट सम्बन्धि कनिष्ठबाट कट्टा गर्ने र शिक्षक सरुवा गरी पठाउँदा गर्दा क्रमशः स्थायी, राहत र करारबाट जेष्ठताका आधारमा प्राथमिकताक्रम निर्धारण गरी सरुवा पदस्थापन गर्ने ।
- स्थायीको हकमा स्थायी नियुक्ति तथा हाजिरीलाई आधार मान्ने ।
- एकै विद्यालयमा एकभन्दा बढी शिक्षकको रोजाइ परेमा वा कुनै विद्यालय शिक्षकको रोजाइमा नपरेमा दरबन्दी थपिने विद्यालयको प्राथमिकताक्रम सूची तयार गर्न लगाइ अपाङ्ग, गर्भवती, २ बर्षको शिशुको आमा नियुक्तिले जे प्राथमिकताको आधारमा शिक्षक सरुवा पदस्थापन गर्ने ।
- यसरी दरबन्दी मिलानमा शिक्षक व्यवस्थापन गर्दा सरुवा भई गएको शिक्षकको दरबन्दी सरुवा पदस्थापन भए विद्यालयमा कायम गर्ने ।
- धरान उपमहानगरपालिकाको मिति २०७७/११/२५ को निर्णयानुसार प्रा शि तृ श्री कविता भट्टराईलाई श्री पञ्चकन्या आ वि धरान ४ बाट र प्रा शि तृ श्री मञ्जु लिङ्लेखुलाई श्री चण्डिका भवानी आवि धरान २० बाट श्री पब्लिक मावि धरान १३ मा समान तह र श्रेणीमा कामकाज गर्न खटाइएकोमा दुबै लाई खटाइएको विद्यालय श्री पब्लिक मावि धरान १३ मा पदस्थापन गर्ने ।